इटहरी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
१.नं. प्रदेश, नेपाल

०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६९


प.सं.
च.नं. ५८३

मिति ......................

# इटहरी उपमहानगरपालिकाको कार्यालय, इटहरी, सुनसरीको कर, व्याज, शुल्क, जरीवाना छुट तथा मिन्हा सम्वन्धि सूचना

इटहरी उपमहानगरपालिकाको आर्थिक ऐन, २०७५ को दफा २२ मा व्यवस्था भए बमोजिम देहाय अनुसार कर, व्याज, शुल्क तथा जरीवाना छुट हुने भएकाले तोकिएको समयभित्र दिएका छुट सविधाहरुकको उपयोग गरी लाभान्वित हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**क. व्यवसाय कर, एकिकृत सम्पत्ति कर, भुमिकर (मालपोत), विज्ञापन कर तथा सवारी साधन करमा छुट तथा मिन्हा:**

१. इटहरी उपमहानगरपालिकामा व्यवसाय दर्तागरी सञ्चालन गरिरहेका कुनै पनि प्राकृतिक व्यक्ति वा निकायले विभिन्न कारणले व्यवसाय कर बुझाउन बाँकी रहेको भएमा त्यस्ता करदाताले आ.व. २०७३/७४ र २०७४/७५ मा लाग्ने व्यवसाय कर २०७५ असोज मसान्त भित्र बुझाएमा सोमा लाग्ने थप शुल्क तथा जरीवाना साथै सो भन्दा अधिका बर्षहरुको सम्पूर्ण कर सो बापत लाग्ने शुल्क, दस्तुर, ब्याज, जरिवाना मिन्हा हुने ।

२. आ. ब. २०७३/७४ वा सो भन्दा अगाडीको एकिंकृत सम्पत्ति कर, भुमिकर (मालपोत), विज्ञापन कर नतिरेका करदाताले तिर्नुपर्ने कर २०७५ असोज मसान्तसम्म बुझाएमा सोमा लाग्ने थप शुल्क, ब्याज, जरिवाना मिन्हा हुने ।

३. आर्थिक बर्ष २०७३/७४ वा सो भन्दा अघिसम्मको सवारी साधन कर नतिरेका करदाताले आर्थिक बर्ष २०७३/७४ र २०७४/७५ को तिर्नुपर्ने कर २०७५ असोज मसान्तसम्म बुझाएमा सोमा लाग्ने थप शुल्क, जरिवाना मिन्हा हुने साथै सो भन्दा अधिका बर्षहरुको सम्पूर्ण कर सो बापत लाग्ने शुल्क, दस्तुर, ब्याज, जरिवाना मिन्हा हुने ।

**ख. करको दायरामा आउनेलाई कर, शुल्क, छुट तथा मिन्हा:**

इटहरी उपमहानगरपालिकामा व्यवसाय कर तिर्नुपर्ने दायित्व भएका कुनै पनि प्राकृतिक व्यक्ति वा निकायले व्यवसाय दर्ता नगरी कारोवार सञ्चालन गरिरहेको भएमा त्यस्ता करदाताले व्यवसाय दर्ता गरी आ. ब. २०७३/७४ र २०७४/७५ मा लाग्ने कर २०७५ असोज मसान्तभित्र बुझाएमा सोमा लाग्ने थप शुल्क तथा जरीवाना साथै सो भन्दा अधिका बर्षहरुको सम्पूर्ण कर र सो बापत लाग्ने शुल्क, दस्तुर, ब्याज, जरिवाना मिन्हा हुने ।

***नोट: उपरोक्त व्यवस्था अनुसार २०७५ साल असोज मसान्तभित्र कर नबुझाएमा कर तथा थप दस्तुर जरिवाना यथावत रुपमा असुल गरिनेछ ।***

२०७५-६-१४
छवि रिजाल
प्रमुख प्रशासकीय अधिकृत
(सह-सचिव)